आज मिति २०८१ साल माघ महिनाको २६ गते बिहिवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "पन्ध्रौं" बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो।

## उपस्थिति :–

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत | | श्री इमनाथ कुँडेल |
| ४, | वडा अध्यक्ष वडा नं | (१) | श्री दुर्गा बहादुर बढाथोकी |
| ५, | — " — | (२) | श्री मदन बहादुर राना |
| ६, | — " — | (३) | श्री चित्र बहादुर दमाई |
| ७, | — " — | (४) | श्री राम बहादुर गुरुङ |
| ८, | — " — | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | — " — | (६) | श्री प्रकाश थापा |
| १०, | — " — | (७) | श्री ऋषिराम बस्नेत |
| ११, | — " — | (८) | श्री पवित्रा थापा राना |
| १२, | — " — | (९) | श्री खुवारी जङ गुरुङ |
| १३, | — " — | (१०) | श्री गंगा बहादुर थापा |
| १४, | — " — | (११) | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| १६, | — " — | | श्री श्रीनाथ दुलाल |
| १७, | — " — | | श्री कल्पना थापा बोहरा |
| १८, | — " — | | श्री विमला न्यौपाने अधिकारी |
| १९, | — " — | | श्री सुक माया गुरुङ |
| २०, | — " — | | श्री सुक माया घर्ती |
| २१, | — " — | | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारी

| | | |
|---|---|---|
| २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २३, | अधिकृत | श्री गोविन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

# बेसीशहर नगर कार्यपालिकाको कार्यालय

## लमजुङ, गण्डकी प्रदेश, नेपाल

***नगर कार्यपालिकाको मिति २०७९ माघ २६ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. लागत साझेदारीतर्फका योजनाहरुको सम्बन्धमा ।

- पक्की सडक (सडक ढलान तथा कालोपत्रे) निर्माण
- सामुदायिक भवन निर्माण तथा स्तरोन्नति
- दलित सामुदायिक भवन निर्माण तथा स्तरोन्नति

३. वडा नं ८ को योजना छनौट सम्बन्धमा ।

४. योजना सम्झौताको म्याद थप सम्बन्धमा

५. वडास्तरीय योजना संशोधन सम्बन्धमा । (वडा नं ३,४,५, ६, ७, ९, ११.)

६. लैंगिक उत्तरदायी बजेट (GRB) को सम्बन्धमा ।

७. सार्वजनिक सुनुवाईको लागि समिति गठन सम्बन्धमा ।

८. बालबालिकाको बस्तुगत विवरण तयार सम्बन्धमा ।

९. कृषि तथा पशुसेवाको अनुदानतर्फको कार्यक्रम सम्बन्धमा ।

१०. पशुसेवातर्फको कार्यक्रम जानकारी सम्बन्धमा ।

११. लैससासतर्फको बाँकी कार्यक्रम कार्यान्वयनको सन्दर्भमा ।

१२. खरिद इकाइ गठन सम्बन्धमा ।

१३. प्राकृतिक श्रोत उपयोग करको सम्बन्धमा ।

१४. विविध

- वडा न. २ को आवधिक योजना सम्बन्धमा ।
- फोहरमैला व्यवस्थापन

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०७९ माघ ९ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : लागत साझेदारीमा सडक कालोपत्रे तथा ढलान तर्फका आयोजनाहरुको सम्बन्धमा ।**

नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा चालु आव २०७९।८० को सडक ढलान तथा कालोपत्रेतर्फ देहायका आयोजनाहरु छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**छनौट भएका आयोजनाहरु**

| क सं | आयोजनाको नाम | वडा नं | कुल लागत इष्टिमेट ( कन्टिन्जेन्सी समेत) | विनियोजित रकम | बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १ | सेराकुना आहालेमूल सडक | ८ | ९९३९८० | ५९६३८८ | संघीय राजश्व |
| २ | बेसीशहर चामे सडक शाखा स्तरोन्नति | ७ | ७६९५६४ | ४६१७३८ | संघीय राजश्व |
| ३ | शान्तिमार्ग ढलान | ७ | ४२५५१३ | २५५३०८ | संघीय राजश्व |
| ४ | वाणिज्य मार्ग सडक कालोपत्रे ढलान | ७ | १४६०९०० | ८७६५४० | संघीय राजश्व |
| ५ | वडा कार्यालय जोडिने मुल सडकबाट डाँडागाउँ हुँदै सिरुवारी जाने सडक ढलान | १० | १७८५१९९ | १०७१११९ | संघीय राजश्व |
| | कुल जम्मा | | ५४३५१५६ | ३२६१०९३ | |

**निर्णय नं ३ : लागत साझेदारीमा सामुदायिक भवनतर्फका आयोजनाहरुको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका र स्थानीय समुदायको ५०/५० प्रतिशत लागत साझेदारीमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि चालु आ.व.२०७९।८० मा सम्पन्न हुने गरी देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

**देहाय:**

| क सं | आयोजनाको नाम | वडा नं | बस्ती | विनियोजित रकम | बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १ | आमा समुह सामुदायिक भवन निर्माण | १० | कुल्माध | ५००००० | संघीय समानीकरण |
| २ | स्थानीय धर्म सिं समाजको सामुदायिक भवन निर्माण | ७ | | ४००००० | संघीय समानीकरण |
| ३ | हिमालचुली आमा समुह सामुदायिक भवन निर्माण | १० | देउजनथोक | २००००० | संघीय समानीकरण |
| ४ | जलदेवी आमा समुह सामुदायिक भवन निर्माण | ४ | हिले | ५००००० | संघीय समानीकरण |
| ५ | अलकापुरी आय आर्जन समुह भवन निर्माण | ६ | भण्डारीगाउँ | ४००००० | संघीय समानीकरण |
| ६ | ह्योल्मो समाजको सामुदायिक भवन निर्माण | ८ | | ४००००० | संघीय समानीकरण |
| ७ | क्षितिज आय आर्जन महिला समुह भवन निर्माण | ६ | राउतवोहराटोल | ४००००० | संघीय समानीकरण |
| ८ | देवी महिला समुह भवन निर्माण | १० | भाचोक | ३००००० | संघीय समानीकरण |
| ९ | मगर संघ भवन तथा भान्छाघर निर्माण | ८ | मगरवारी | ४००००० | संघीय समानीकरण |
| १० | शान्तिटोल समुह भवन निर्माण | ९ | | ४००००० | अ.ल्या थप |
| ११ | कर्मटासी छोइलिङ खुसु गुम्बा समुह भवन निर्माण | १० | खासुर | ४००००० | अ.ल्या थप |
| १२ | महाबोधी धर्मचक्र हिपञ्युङ्ने समाज भवन निर्माण | ३ | | ४००००० | अ.ल्या थप |
| १३ | घडेरीडाँडा समाजको सामुदायिक भवन स्तरोन्नति | ५ | घडेरीडाँडा | ५००००० | अ.ल्या थप |
| १६ | धर्मगुठी भवन निर्माण | ७ | वन्थोक | ४००००० | अ.ल्या थप |
| १४ | कालिका आमा समुह भवन निर्माण | १० | पासाचौर | ४००००० | अ.ल्या थप |

| क्र सं | आयोजनाको नाम | वडा नं | बस्ती | विनियोजित रकम | बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १५ | पुरानोकोट जलदेवी तमु समाज भवन निर्माण | ३ | | ४००००० | अ.ल्या थप |
| १६ | मिलनचोक टोल विकास भवन निर्माण तथा सुधार | ९ | विम्दाबेसी | २००००० | अ.ल्या थप |
| १७ | सहनशील आमा समुह भवन निर्माण | ७ | | ४००००० | अ.ल्या थप |
| | **जम्मा** | | | ७०००००० | |

**निर्णय नं ४ : लागत साझेदारीमा सामुदायिक भवनतर्फका आयोजनाहरुको सम्बन्धमा ।**

चालु आ.व.२०७९।८० मा बेसीशहर नगरपालिकाको ७० र स्थानीय दलित समुदायको ३० प्रतिशत लागत साझेदारीमा दलित समुदायमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र सं | आयोजनाको नाम | वडा नं | बस्ती | विनियोजित रकम | बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १ | सेवा समाज भवन निर्माण | ७ | | ५००००० | संघीय समानीकरण |
| २ | आमा समुह भवन निर्माण | ३ | थुम्काडाँडा | ३००००० | संघीय समानीकरण |
| ३ | दलित भवन निर्माण | ३ | मगरपाल्ले | ४००००० | संघीय समानीकरण |
| ४ | दलित सामुदायिक भवन निर्माण | १० | तल्लो खासुर | ३००००० | संघीय समानीकरण |
| | **जम्मा** | | | १५००००० | |

**निर्णय नं ५ : वडा नं ८ को आयोजना छनौट सम्बन्धमा ।**

चालु आ.व. २०७९।०८० को थप अ.ल्या बजेट रु ४ करोड ५३ लाख ७७ हजारमध्येबाट प्रत्येक वडाबाट रु ५ लाख बराबरको पुँजीगत आयोजनाहरु छनौट गरिएको सन्दर्भमा छनौट हुन बाँकी रहेको ८ नं वडाबाट देहाय वमोजिमको आयोजना छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय :

१. प्रकृति नारी समाज भवन स्तरोन्नति, बेनपा ८, रु. १,००,०००।-

२.कमल देउजाको घरदेखि दुर्गा घर्तीको घरसम्मको भित्री सडक स्तरोन्नति, बेनपा ८ रु.१,५०,०००।-

३.चन्द्रमाया गैह्रेको घरपछाडिको बाटोको पर्खाल निर्माण, बेनपा ८ रु. १५००००।-

४.हरि विकको घर अगाडिको बाटो स्तरोन्नति, बेनपा ८ सेरा रु. १०००००।-

**निर्णय नं ६ : योजना सम्झौताको म्याद थप सम्बन्धमा**

गत आ.व. २०७८।७९ मा सम्पन्न हुन नसकी चालु आवमा म्याद थप गरिएका देहायका योजनाहरुको म्याद २०७९ चैत मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

नगर प्रमुख

| योजनाको नाम | निर्माण कम्पनीको नाम |
|---|---|
| क) पुरानोकोटगढी भ्यूटावर तथा शान्ति स्तुपा निर्माण | पराजुली कन्स्ट्रक्सन प्रा.लि. |
| ख)बेसीशहर युनिभर्सलचोक मकैडाँडा सडक स्तरोन्नति | गणेशकुण्ड इन्फास्टक्चर एण्ड विल्डर्स प्रा.लि.विदुर १०, नुवाकोट |
| ग)पुरानोकोट स्वास्थ्य चौकी स्तरोन्नति बेनपा ४, | सिद्धि विनायक निर्माण सेवा बेनपा २, लमजुङ |
| घ) ५ नं वडा कार्यालय भवन निर्माण बेनपा ५ | सिद्धि विनायक निर्माण सेवा बेनपा २, लमजुङ |

**निर्णय नं. ७ : योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० का देहायका नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम देहाय वमोजिम संशोधन/रकमान्तर/ब्रेक डाउन गर्ने निर्णय गरियो ।

देहाय

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.झप्रि कमलटारी दारेगौंडा खानेपानी, बेनपा ३ | ४००००० | १.१ भप्रि कमलटारी गोरेटोबाटो निर्माण, बेनपा ३<br>१.२ कान्ले झप्रि बसौलागाउँ गोरेटोबाटो निर्माण, बेनपा ३<br>१.३ दारेगौडा खानेपानी आयोजना, बेनपा ३ | २,००,०००<br>१,००,०००<br>१,००,००० |
| २.फुटकर योजना तथा कार्यक्रम, बेनपा ३ | २९५००० | २.भुजेल समुदाय फर्निचर खरिद, बेनपा ३ | २०,००० |
| ३. पुरानोकोट स्वास्थ्य चौकी उपकरण खदिर, बेनपा ४ | १००००० | ४.१ पुरानोकोट स्वास्थ्य चौकी इन्भर्टर खरिद, वायरिङ एवम् मर्मत, बेनपा ४<br>४.२ ४ नं वडा कार्यालयको इन्भर्टर मर्मत, बेनपा ४ | ६०,०००<br>१२,००० |
| ४.कृषि भेटनरी बेनपा ५ | ३००००० | ४.१ ५०% अनुदानमा मकैको विउ वितरण, बेनपा, ५<br>४.२ पशु स्वास्थ्य शिविर कार्यक्रम, बेनपा ५<br>४.३ भेटेनरी औषधी खरिद, बेनपा ५ | ७२,०००<br>७०,०००<br>५०,००० |
| ५.नाल्मा स्वास्थ्य चौकी व्यवस्थापन र पोषण, बेनपा ५ | १००००० | ५.१ पोषण कार्यक्रम, बेनपा ५<br>५.२ स्वास्थ्य चौकी व्यवस्थापन | ६०,०००<br>४०,००० |
| ६.१ चनौटे ढाँडभीर मोटरबाटो | २००००० | ६.१ चनौटे ढाँडभिर मोटरबाटो बेनपा ६ | ३००००० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/१०/२६ को बैठक

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| बेनपा ६ (नगरस्तरीय, रातो किताप)<br>६.२ काफलस्वाँरा-मकैडाँडा-वडा कार्यालय सडक स्तरोन्नति, बेनपा ६ (२०७९।१०।१९ को कापा बैठक) | ४००००० | ६.२ काफलस्वाँरा-मकैडाँडा- वडा कार्यालय सडक स्तरोन्नति, बेनपा ६ | ३००००० |
| ७.फुटकर योजना तथा कार्यक्रम, बेनपा ७ | ५००००० | ७.१ सुयेलथोक नयाँ मोटरट्र्याक निर्माण, बेनपा ७<br>७.२ वेयलफेयरचोकबाट बल बहादुर रिमालको घरसम्म बाटो निर्माण, बेनपा ७<br>७.३ महेश पौडेलको घरबाट तल्लोपट्टी क्याम्पस जाने सिंढी निर्माण, बेनपा ७<br>७.४ प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका योजनामा गिटी, बालुवा, सिमेन्ट खरिद बेनपा ७ | २०००००<br>५००००<br>६००००<br>१९०००० |
| ८.बगलेस्वाँरा दलित सामुदायिक भवन मर्मत, बेनपा ९ | १००००० | ८. वडा कार्यालय पहिरो संरक्षण, बेनपा ९ | १००००० |
| ९. स्वास्थ्यतर्फका कार्यक्रमहरु, बेनपा ९ | १००००० | ९.शहरी स्वास्थ्य केन्द्र धुरपुरे स्वास्थ्य सामाग्री खरिद, बेनपा ९ | ५०००० |
| १०. सीपमूलक तालिम, बेनपा ९ | १३४००० | १०. अर्गानिक मस्यौरा तथा अचार बनाउने तालिम, चन्द्रसूर्य महिला सञ्जाल, बेनपा ९ | ७८००० |
| ११. सहस्रे कार्कीडाँडा खानेपानी आयोजना, बेनपा ११ (नगरस्तरीय) | ३००००० | ११.१ रामचोक नेवारगुठी लाखेनाच सामाग्री खरिद, बेनपा ११<br>११.२ रिठ्ठेबगरपुलमा स्वागत गेट निर्माण, बेनपा ११<br>११.३ राष्ट्रिय खेलाडी सीमा श्रेष्ठलाई अन्तर्राष्ट्रिय खेलमा सहभागी हुन यातायात तथा बास खर्च,बेनपा ११<br>११.४ चिती प्रहरी चौकी बाइक मर्मत, बेनपा ११<br>११.५ देउराली चौतारा-माझथोक सिंढी निर्माण, बेनपा ११ | ७५०००<br>९५०००<br>१५०००<br>१५०००<br>१००००० |
| १२.स्वास्थ्य | ४००००० | १२.मृगौला पीडित चन्द्र बहादुर सेढाई सहयोग, बेनपा ११ | १५००० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/१०/२६ को बैठक

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/१०/२६ को बैठक

**निर्णय नं. ८ : लैंगिक उत्तरदायी बजेट (GRB) सम्बन्धमा ।**

लैंगिक उत्तरदायी बजेट (Gender Responsive Budget) को सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भयो साथै आगामी आ.व. २०८०।८१ को बजेट तर्जुमा गर्ने सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहका लागि जारी गरेको लैंगिक उत्तरदायी बजेट निर्देशिका २०७७ वमोजिम बार्षिक योजना तथा कार्यक्रमलाई लैंगिक उत्तरदायी बजेट प्रणालीमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :सार्वजनिक सुनुवाईको लागि समिति गठन सम्बन्धमा ।**

जनताको आवाज मेयरको जवाफ कार्यक्रम अन्तर्गत चालु आ. व. मा सार्वजिनक सुनुवाई कार्यक्रम सञ्चालन गर्नको लागि देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

१.संयोजक श्री आश गुरुङ, पत्रकार, कान्तिपुर दैनिक
२.सदस्य श्री किसान संगीत नेपाली, पत्रकार, रेडीयो चौतारी
३.सदस्य श्री मिना गुरुङ पत्रकार, रेडीयो मर्स्याङ्दी
४.सदस्य श्री सन्देश पौडेल, पत्रकार, नेपाल टेलिभिजन
५.सदस्य श्री मिनराज परियार, पत्रकार, लमजुङ दर्पण दैनिक

**निर्णय नं. १० : बालबालिकाको बस्तुगत विवरण निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्रका बालबालिकाहरुको जनसंख्या, अवस्था र स्थिति पत्ता लगाउनको लागि बालबालिकाहरुको बस्तुगत विवरण तयार गर्ने र यस कार्यको लागि लागत अनुमान तयार तथा कार्ययोजना निर्माण गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ११ : कृषि तथा पशुसेवाको अनुदानतर्फको कार्यक्रम सम्बन्धमा ।**

चालु आ.वमा नगरपालिकाको कृषि तथा पशुसेवातर्फका विभिन्न अनुदानतर्फका कार्यक्रमहरुको लागि प्रकाशित सूचना वमोजिम आवश्यक मेसिन, औजार, सामाग्री उपलब्ध गराउने कार्यको लागि पर्न आएका निवेदनको आधारमा कृषकहरु छनौट गर्न नगरप्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १२ : पशुसेवातर्फको कार्यक्रमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०७९।८० को सशर्ततर्फको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नयाँ बाखा पकेट विकास कार्यक्रम सञ्चालनको लागि मूल्यांकनको आधारमा छनौट भएको बेसीशहर-१० स्थित एकता बाखा पालन समुहसंग कार्यक्रम सञ्चालनको लागि गरिएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : लैससासतर्फको बाँकी कार्यक्रम कार्यान्वयनको सन्दर्भमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.वको लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फको कार्यान्वयन गर्न बाँकी रहेका कार्यक्रमहरुको सम्बन्धमा छलफल गरी कार्यक्रम तर्जुमा गर्न नगर उपप्रमुख तथा सामाजिक विकास समिति समेतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/१०/२६ को बैठक

**निर्णय नं. १४ : खरिद एकाई गठन सम्बन्धमा ।**

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन समेत) तथा बेसीशहर नगरपालिकाको खरिद नियमावली र सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड,२०७८ समेतको आधारमा यस बेसीशहर नगरपालिकामा देहाय वमोजिम एकाई गठन गर्ने निर्णय गरियो ।

देहायः

१.संयोजक श्री विशाल ढकाल, इन्जियनयर, पूर्वाधार विकास शाखा प्रमुख

२.सदस्य श्री अमर कुमार श्रेष्ठ, लेखा अधिकृत, लेखा शाखा

३.सदस्य श्री राम प्रसाद अधिकारी, जिन्सी शाखा प्रमुख

**निर्णय नं. १५ : प्राकृतिक श्रोत उपयोगको सम्बन्धमा ।**

(क)बेसीशहर नगरपालिका ११ रामचोकबेसी स्थित श्री समाज सेवा यूवा क्लवले मालेवगरमा रहेको करिव ७५ रोपनी क्षेत्रफलमा रहेको सार्वजनिक जग्गामा फुटवल खेल मैदान निर्माण गर्नको लागि प्राविधिक इष्टिमेट वमोजिमको परिमाणको ढुंगा उक्त खेल मैदान निर्माण कार्यमा प्रयोग गर्ने र यस कार्यालयमा रु. १ लाख दाखिला गरी ढुंगा संकलन तथा ढुवानीको अनुमति दिने निर्णय गरियो ।

(ख)यस कार्यालयको निर्णयानुसार ठेक्का प्रकृया पुरा गरी सञ्चालनमा रहेको बेसीशहर नगरपालिका वडा नं. ११ स्थित गाइखुरे झरना पारीपट्टीको भागको वालुवा उत्खनन् पश्चात राख्ने स्थानको अभाव भएकोले झरना माथि पट्टीको जग्गामा मासिक रु १५ हजारका दरले भाडा रकम लिई ३ महिनाको लागि सम्वन्धित पक्षलाई बालुवा राख्न दिने निर्णय गरियो ।

**निर्णय नं. १६ : वडा न. २ को आवधिक योजना सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं २ को आवधिक योजना निर्माणको लागि वडा समितिको निर्णयानुसार गरिएको सेवा प्रदायक संस्था छनौट लगायत आवधिक योजना निर्माण सम्बन्धमा हालसम्म गरिएका कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ : फोहरमैला व्यस्थापन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको फोहरमैला व्यवस्थापनको सम्बन्धमा हुँदा यस बर्ष प्राप्त विशेष अनुदानको बजेट, बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसंग यस सम्बन्धमा भएको छलफल, पर्यटन व्यवसायी रामकुमार श्रेष्ठबाट कार्यपालिका बैठकमा भएको प्रस्तुतीकरण समेतका आधारमा फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि आवश्यक कार्य गर्न बेसीशहर नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को दफा ३ वमोजिमको निर्देशक समितिको ध्यानाकर्षण गराउने निर्णय गरियो ।